सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८२/८३
च.नं.

मितिः- २०८३/०८/०३

विषय: विषयविज्ञ (रोस्टर) सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक, अस्थायी तथा करार शिक्षक, प्रशिक्षक, बाल विकास सहजकर्ता तथा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न सञ्चालन हुने परीक्षा र विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेसागत सहयोग लगायतका कार्यहरुलाई व्यवस्थित र प्रभावकारी बनाउन शिक्षा नियमावली, २०५९ (दशौं संशोधनसहित) को नियम ९६ क को उपनियम (६) मा भएको कानुनी व्यवस्था समेतका आधारमा विषयविज्ञहरुको सूची (रोस्टर) तयार गर्नुपर्ने भएकाले तपसिल बमोजिमका योग्यता र अनुभव पूरा गरेका इच्छुक नवलपरासी (ब.सु.प.) जिल्लाभित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा भौतिक रुपमा उपस्थित भई तोकिएको ढाँचाको निवेदन फारम तथा प्रमाणित कागजातहरु पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

क) विज्ञका रुपमा सूचीकृत हुन आवश्यक न्यूनतम योग्यता:

माध्यमिक तहः

- शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्ने।
- सम्बन्धित तह र विषयमा स्थायी नियुक्ति भइ कम्तीमा ५ वर्षको शिक्षण अनुभव भएको हुनुपर्ने।

आधारभूत तह (कक्षा ६-८):

- शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने।
- सम्बन्धित तह/विषयमा स्थायी नियुक्ति भइ कक्षा ६-८ मा कम्तीमा ५ वर्षको शिक्षण अनुभव भएको हुनुपर्ने।

आधारभूत तह (कक्षा १-५):

- शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने।
- सम्बन्धित तहमा स्थायी नियुक्ति भइ कम्तीमा ५ वर्षको शिक्षण अनुभव भएको हुनुपर्ने।

ख) आवश्यक कागजातहरुः

१. विषयविज्ञ सूचीमा सूचीकृत हुने निवेदन फाराम।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
३. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।
४. अध्यापन अनुमतीपत्र प्रमाणित प्रतिलिपि।
५. स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि।
६. सम्बन्धित विद्यालयबाट जारी गरिएको सेवा प्रमाणित पत्र (सेवा अवधि स्पष्ट खुलेको हुनुपर्नेछ)।
७. सरावल गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयभन्दा बाहिरका शिक्षक/प्रधानाध्यापकहरुले कार्यरत विद्यालयको सहमती पत्र।

नोटः- माथिल्लो तहको सम्बन्धित विषयमा विषयविज्ञका रुपमा सूचीकृत भएको व्यक्ति तल्लो तहको सम्बन्धित तह तथा विषयमा समेत विषयविज्ञका रुपमा आवेदन फाराममा तह खुलाएको आधारमा समावेश हुनेछ।

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

विषयविज्ञमा सूचीकृत हुने सम्बन्धी निवेदन फारम

मिति:.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
सरावल गाउँपालिका, नवलपरासी (ब.सु.प.)।

विषय: विषयविज्ञ (रोस्टर) सूचीमा सूचीकृत हुन पाउँ।

महोदय,

प्रस्तुत विषयमा सरावल गाउँपालिकाको मिति २०८३/०८/०३ गते प्रकाशित सूचना बमोजिम विषयविज्ञ (Roster) का रुपमा सूचीकृत हुन तपसिल बमोजिमको विवरण र आवश्यक कागजातसहित यो निवेदन पेश गरेको छु।

१. शिक्षकको व्यक्तिगत विवरण:

शिक्षकको नाम थर:.....

स्थायी ठेगाना: जिल्ला:.....स्थानीय तह:.....वडा नं.:.....टोल:

अस्थायी ठेगाना: जिल्ला:.....स्थानीय तह:.....वडा नं.:.....टोल:

सम्पर्क मोबाइल नं: .....इमेल:.....

स्थायी नियुक्ति तह: .....विषय:.....अध्यापन गरिरहेको तह:.....

२.स्थायी नियुक्ति मिति:

वर्ष:.....महिना:.....गते.....

३.शैक्षिक योग्यता (रेजा चिन्ह (√) लगाउनुहोस्):

	स्नातक
	स्नातकोत्तर
	सोभन्दा माथि

४.विज्ञको रुपमा काम गर्न चाहेको क्षेत्र (रेजा चिन्ह (√) लगाउनुहोस्):

	शिक्षक/कर्मचारी छनौट परीक्षा सञ्चालन
	प्रधानाध्यापक छनौट परीक्षा सञ्चालन
	विद्यालय सुपरीवेक्षण तथा पेसागत सहयोग

५.विज्ञका रुपमा सूचीकृत हुन चाहेको तह र विषय:

√ चिन्ह लगाउनुहोस्	तह	विषय
	माध्यमिक	.....
	आधारभूत तह (कक्षा ६-८)	.....
	आधारभूत तह (कक्षा १-५)	x

६. शैक्षिक योग्यताको विवरण (माथिल्लो तहबाट क्रमशः लेख्नुहोस्):

क्र.स.	शैक्षिक उपाधि	मुख्य विषय	उत्तीर्ण वर्ष	उत्तीर्ण बोर्ड/विश्वविद्यालय	श्रेणी/प्रतिशत/जिपिए
१					
२					
३					
४					
५					

७.हालको सेवा तथा कार्य अनुभव:

क्र.स.	कार्यरत विद्यालयको नाम र ठेगाना	पद र तह	सेवा अवधि (देखि-सम्म)	मुख्य कार्य/विषय
१				
२				
३				
४				

८.तालिम वा प्रकाशन (प्रश्नपत्र निर्माण, पाठ्यक्रम वा अनुसन्धान सम्बन्धि कुनै तालिम वा प्रकाशन भए):

.....

.....

.....

९.निवेदकको स्वघोषण:

माथि उल्लेखित सम्पूर्ण विवरणहरु सत्य, सही र यथार्थ रहेको प्रमाणित गर्दछु। उल्लेखित विवरण झुट्टा ठहरिएमा प्रचलित कानून बमोजिम कारवाही स्वीकार गर्नेछु।

निवेदकको नाम:.....

हस्ताक्षर:.....

मिति:.....